# काठमाडौँ महानगरपालिका

**KATHMANDU METROPOLITAN CITY**

नगर कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, काठमाडौँ

## सम्पदा तथा पर्यटन विभाग

## काठमाडौँ महानगरपालिकाको टोल टोलमा फिल्म महोत्सवको गाइडलाइन तथा प्रस्ताव

१. पृष्ठभुमि

काठमाडौं महानगरपालिकाको टोल टोलमा फिल्म महोत्सव कार्यक्रम जनस्तरबाट संचालन गर्ने उद्देश्य लिई काठमाडौं महानगर कार्यक्षेत्र भइ सामाजिक तथा साँस्कृतिक कृयाकलापमा संलग्न रहेका गैर नाफामुलक युथ क्लब, सामुदायिक संस्था, टोल विकास समिति, साँस्कृतिक समूह, पुचः हरुलाई कार्यक्रम संचालनार्थ प्रस्तावना पेश गर्न आह्वान गर्दै यो सुचना जारी गरेकोछ । यस कार्यक्रममा मुख्यतया काठमाडौंका विभिन्न परम्परागत टोल, बहाः बहि, चोक, पार्क, एम्पी थियटर जस्ता खुल्ला स्थानमा फिल्म प्रदर्शन गर्ने तथा यस संग सम्बन्धित संवाद तथा अन्य कार्यक्रमहरु संचालन गर्ने रहेको छ भने महोत्सवलाई थप आकर्षण, प्रभावकारी तथा सिर्जनात्मक बनाउन थप कार्यक्रम सहित प्रस्ताव पेश गर्न सकिने छ । प्रस्तावक संघसंस्थाहरुबाट छनौट भएका संघसंस्थाहरुलाई स्थानीय स्तरबाट सहभागीता मूलक महोत्सव आयोजना गराउन संचालन अनुदान, क्यूरेटेड फिल्म, पूर्ण टेक्नीकल उपकरण, तथा क्यूरेटोरीयल सहयोग काठमाडौं महानगरपालिकाबाट उपलब्ध गराउने छ ।

यस काठमाडौं महानगरपालिकाको टोल टोलमा फिल्म महोत्सव कार्यक्रमको मुख्य उद्देश्य महानगरबाट आगामी दिनमा आयोजना गरीने अन्तराष्टिय फिल्म महोत्सबको पूर्व तयारीको एक अभिन्न कार्यका रुपमा परिचित गर्दै बलियो जग निर्माण गर्ने तर्फ उन्मूख एक प्रयास रहेको छ भने UNESCO Creative City of Film को तर्फबाट गरीएको प्रतिबद्धता लाई योगदान दिने एक बलियो आधार सहितको प्रयास रहेको छ ।

२.परिचय

काठमाडौँ महानगरपालिकाको टोल टोलमा फिल्म महोत्सव जेष्ठ अन्तिम देखी असार मसान्त सम्मका हरेक शुक्रबार र शनिवारका दिन काठमाडौँ महानगरपालिकाका विभिन्न वडाहरूका विभिन्न टोल, बहाः बहि, चोक, पार्क, एम्पीथियटर जस्ता खुल्ला स्थानमा आयोजना हुने चलचित्र महोत्सव हो जहाँ सार्वजनिक स्थलहरूमा निःशुल्क चलचित्र प्रदर्शन गरिनेछ भने प्रत्येक कार्यक्रमको व्यवस्थापन स्थानीय आयोजक संस्थाले गर्नेछ, जसले चलचित्र प्रदर्शनका साथै स्थानीय खाना, सांस्कृतिक प्रस्तुति, सजावट र अन्तक्रिया जस्ता सहायक कार्यक्रमहरूको रूपरेखा तयार पार्नेछ। यस महोत्सवमा सडक नै प्रेक्षागृह) हल (बन्नेछ भने सम्पूर्ण टोलबासी यसका दर्शक हुनेछन । यो महोत्सव काठमाडौं महानगरपालिकाले फिल्म महोत्सव निरन्तर सञ्चालन गर्न सक्ने गरी समुदायको नेतृत्वमा एक मोडलका रुपमा विकास गर्ने रहेको छ ।

२छनोट भएका आयोजकहरूलाई काठमाडौँ महानगरपालिकाले उपलब्ध गराउने सेवा तथा . सुविधाहरू

- चलचित्र: महोत्सवका लागि छनोट गरिएका चलचित्रहरूको सूचीबाट एक पूर्व-स्वीकृत चलचित्र।
- प्राविधिक उपकरणहरू: चलचित्र प्रदर्शनका लागि आवश्यक सम्पूर्ण स्क्रिन (पर्दा) र ध्वनि (साउन्ड) उपकरणहरू। यी उपकरणहरू काठमाडौँ महानगरपालिकाद्वारा नियुक्त प्राविधिक कम्पनीले ढुवानी गर्ने तथा तिनको सञ्चालनका लागि दक्ष प्राविधिक जनशक्ति समेत उपलब्ध गराउनेछ।
- कार्यक्रम सञ्चालन सहयोग: दफा ४ मा भएको व्यवस्था अनुरुप रूपैयाँ १,००,०००/- (एक लाख) देखी रूपैयाँ ५,००,०००/- (पाँच लाख) सम्मको कार्यक्रम सञ्चालन सहयोग।
- प्रवर्द्धन सामग्री: महोत्सवको ब्रान्डिङ सामग्री, पोस्टरहरू र आधिकारिक प्रकाशन/कार्यक्रम तालिकामा समावेशीकरण।
- **Galli Maps** मा सूचीकरण: दर्शकहरूले सहजै कार्यक्रम स्थल पत्ता लगाउन सकून् भन्नका लागि **Galli Maps**मा स्थान (Location) समावेश गरिनेछ।
- अभिमुखीकरण तथा समन्वय: महोत्सव अवधिभरका लागि प्रारम्भिक अभिमुखीकरण (On boarding orientation) र निरन्तर समन्वयको व्यवस्था।

२. आयोजक संस्थाको जिम्मेवारीहरू

- स्थान र अनुमति: प्रस्तावित कार्यक्रमस्थल निश्चित गरी सम्बन्धित वडा कार्यालयबाट 'वडा-स्तरीय सिफारीस पत्र' लिने।

- प्राविधिक समन्वय: चलचित्र प्रदर्शन हुने मिति अगावै काठमाडौँ महानगरपालिकाद्वारा नियुक्त प्राविधिक कम्पनीसँग समन्वय गर्ने; प्राविधिक टोलीले कुशलतापूर्वक तयारी गर्न सकोस् भन्नका लागि कार्यक्रम स्थलको रूपरेखा (layout), विद्युत् आपूर्ति (power access points) र आवश्यक व्यवस्था सम्बन्धी शुनिश्चितता गर्ने।
- विद्युत् व्यवस्थापन: कार्यक्रम स्थलमा आवश्यक विद्युत् र वायरिङको प्रबन्ध गर्ने। यसमा थप एक्स्टेन्सन केबल (तार), पावर ब्याकअप, र महानगरपालिकाको उपकरण बाहेकका अन्य सामग्री (जस्तैः सांस्कृतिक प्रस्तुति सेट र खानाका स्टलहरूको बत्ती) का लागि आवश्यक परेमा इलेक्ट्रिसियनको व्यवस्था गर्ने।
- पूरक कार्यक्रमको रूपरेखा: चलचित्र प्रदर्शनका साथै सञ्चालन हुने अन्य गतिविधिहरू जस्तैः खाना, सजावट, विभिन्न क्रियाकलाप र दर्शक अन्तर्क्रियाको योजना तथा कार्यान्वयन गर्ने।
- कलाकार व्यवस्थापन: कलाकार, सांस्कृतिक टोली तथा प्रस्तोताहरूको बुकिङ र व्यवस्थापन गर्ने।
- समुदाय परिचालन: स्थानीय समुदाय र दर्शकहरूलाई महोत्सवमा सहभागी हुन परिचालन गर्ने।
- स्वयंसेवक र व्यवस्थापन: स्वयंसेवक टोली परिचालन, कार्यक्रमको दिनको व्यवस्थापकीय कार्य (logistics) र भिड नियन्त्रण/व्यवस्थापन।
- सुरक्षा तथा प्राथमिक उपचार: कार्यक्रम स्थलमा सामान्य वा कडा सुरक्षाको प्रबन्ध गर्ने, जसमा कार्यस्थलमा आवश्यक औषधि सहितको प्राथमिक उपचार बाकस (first aid kit) र कार्यक्रमका लागि लिखित सुरक्षा मापदण्ड (safety protocol) तयार गर्नुपर्नेछ।
- समावेशी वातावरण: ज्येष्ठ नागरिक, महिला तथा बालबालिका अपाङ्गता दर्शकहरूप्रति संवेदनशील र उनीहरूलाई स्वागत गर्ने खालको वातावरण कायम राख्ने।
- मौसम आकस्मिक योजना: खराब मौसम (जस्तैः पानी परेमा) का लागि वैकल्पिक वा आकस्मिक योजना (contingency plan) तयार गर्ने।
- **Galli Maps** मा कार्यक्रम सूचीकृत गर्ने।
- प्रतिवेदन बुझाउने: कार्यक्रम सम्पन्न भएको मितिले एक हप्ताभित्र कार्यक्रमको समीक्षा प्रतिवेदन (post-event report) बुझाउने।

४ .सहकार्यको ढांचा (दुई प्रकारको कार्यक्रम सहयोग)

काठमाडौँ महानगरपालिकाले कार्यक्रम स्थलको प्रकार र स्तरका आधारमा दुई प्रकारको कार्यक्रम सहयोग उपलब्ध गराउनेछ:

- तह 'क': चोक (**Tier A: Chowk**) — रु १,००,०००/- देखी रु २,५०,०००/- सम्म

टोलका चोकहरू, बहाः बही तथा साना सार्वजनिक खुल्ला ठाउँहरूका लागि लक्षित छ। यसमा अनुमानित दर्शक संख्या १५० देखि ४०० जनासम्म हुने अपेक्षा गरिएको छ। पहिलो पटक कार्यक्रम आयोजना गर्न लागेका संस्थाहरू र वडा-स्तरीय सामुदायिक क्लबहरूका लागि यो लागु हुनेछ।

- तह 'ख': पार्क (**Tier B: Park**) — रु ५,००,०००/- सम्म

  सार्वजनिक पार्कहरू र ठूला खुल्ला क्षेत्रहरूका लागि लक्षित छ। यसमा अनुमानित दर्शक संख्या ८०० जना वा सोभन्दा बढी हुने अपेक्षा गरिएको छ। विगतमा कार्यक्रम आयोजना गरेको अनुभव भएका, बलियो टोली क्षमता भएका र बहु-सांस्कृतिक

  कार्यक्रमहरू (multi-act cultural programming) सञ्चालन गर्न सक्ने संस्थाहरूका लागि यो उपयुक्त हुनेछ।

नोटः आवेदकहरूले आवेदन दिँदा आफैँले उपयुक्त अनुदानको तह छनोट गर्नुपर्नेछ। यद्यपि, मूल्याङ्कन समितिले प्रस्तावको सबलता र प्रस्तावित कार्यक्रम स्थलको उपयुक्तता हेरी फरक तहको अनुदानका लागिसमेत सिफारिस गर्न सक्नेछ।

५) योग्यता .**Eligibility)**

आवेदन दिन योग्य हुनका लागि आवेदक देहाय बमोजिम हुनुपर्नेछः

- दर्ता तथा मान्यताः सम्बन्धित वडा कार्यालय वा सम्बन्धित निकायबाट आधिकारिक रूपमा मान्यता प्राप्त दर्ता भएको युवा क्लब, सामुदायिक संस्था, टोल सुधार समिति वा सांस्कृतिक समूह पुचः हुनुपर्ने।
- कर दर्ताः स्थायी लेखा नम्बर (PAN) मा अनिवार्य दर्ता भएको हुनुपर्ने।
- कार्यक्षेत्रः काठमाडौँ महानगरपालिका क्षेत्रभित्र क्रियाशील रहेको हुनुपर्ने।
- प्रस्तावित स्थानः सबैको पहुँच पुग्ने सार्वजनिक चोक, पार्क वा खुला नागरिक क्षेत्रलाई कार्यक्रम स्थलको रूपमा प्रस्ताव गरेको हुनुपर्ने।
- शर्तहरूको प्रतिबद्धताः दफा ६ मा उल्लेखित सबै अनिवार्य शर्तहरू पालना गर्न प्रतिबद्ध हुनुपर्ने।

द्रष्टव्यः माथि उल्लेखित कुनै पनि विवरण वा कागजात नपुगेका आवेदनहरूलाई मूल्याङ्कन (अङ्क दिने) प्रक्रियामा समावेश गरिने छैन।

६ .. सहभागिताका अनिवार्य शर्तहरू

यी शर्तहरू अपरिवर्तनीय (non-negotiable) छन्। आवेदकहरूले आवेदन दिँदा यी सबै शर्तहरूमा सहमत हुनुपर्नेछ।

1. निःशुल्क प्रवेशः सबै चलचित्र प्रदर्शनहरू पूर्ण रूपमा निःशुल्क र सर्वसाधारणका लागि खुला हुनुपर्नेछ। चलचित्र हेर्नका लागि कुनै पनि प्रकारको टिकट, प्रवेश शुल्क वा अन्य कुनै दस्तुर लिन पाइने छैन। काठमाडौँ महानगरपालिका र आयोजक टोलीले आमन्त्रित विशेष पाहुनाहरूका लागि थोरै संख्यामा सिटहरू आरक्षित गर्न सक्नेछन्; यस बाहेक अन्य कुनै पनि प्रकारको आरक्षित वा प्रिमियम सिटको व्यवस्था गर्न पाइने छैन।
2. निजी प्रायोजनमा बन्देजः आयोजक संस्थाहरूले स्वतन्त्र रूपमा निजी प्रायोजकहरू ल्याउन पाउने छैनन्। कुनै पनि प्रायोजन सम्बन्धी व्यवस्था काठमाडौँ महानगरपालिकाको निर्देशिका र कार्यविधि अनुसार हुनुपर्नेछ। मदिरा, सुर्तीजन्य पदार्थ, राजनीतिक दल, वा जुवा/सट्टाबाजी सम्बन्धी ब्रान्डहरूबाट प्रायोजन लिन पाइने छैन। काठमाडौँ महानगरपालिकाको पूर्व लिखित स्वीकृति बिना कार्यक्रम स्थलमा कुनै पनि प्रकारका ब्यानर, फ्लेक्स वा ब्रान्डिङ सामग्रीहरू प्रदर्शन गर्न पाइने छैन।
3. पारिवारिक वातावरणः प्रत्येक कार्यक्रम ज्येष्ठ नागरिक, महिला, बालबालिका तथा अपाङ्गताहरूका लागि अनुकूल र स्वागतयोग्य हुने गरी योजना र व्यवस्थापन गरिनुपर्छ। यो नियम कार्यक्रम स्थलको रूपरेखा, कार्यक्रमको विषयवस्तु, कलाकारहरूको प्रस्तुति र दर्शक व्यवस्थापनमा समेत लागू हुनेछ।
4. सुरक्षा र उत्तरदायित्वः कार्यक्रम स्थलमा सामान्य सुरक्षाको प्रबन्ध, आवश्यक औषधि सहितको प्राथमिक उपचार बाकस (first aid kit) र भिड नियन्त्रण, अग्नि सुरक्षा तथा आपतकालीन उद्धारलाई समेट्ने गरी लिखित सुरक्षा मापदण्ड (safety protocol) तयार गर्ने जिम्मेवारी आयोजकको हुनेछ।
5. प्रदर्शनको समयः चलचित्र प्रदर्शन काठमाडौँ महानगरपालिकाले तोकेको मितिमा बेलुकी ६:०० बजे वा त्यसपछि सुरु हुनेछ।
6. **Galli Maps** मा दर्ताः प्रारम्भिक तयारी (on boarding) को एक भागको रूपमा कार्यक्रमलाई गल्ली म्याप्समा दर्ता गरिएको हुनुपर्नेछ।
7. मौसम आकस्मिक योजनाः प्रारम्भिक तयारीकै क्रममा मौसम सम्बन्धी आकस्मिक योजना बुझाउनु अनिवार्य छ। जुन, जुलाई र अगस्ट महिना मनसुन (वर्षा) सिजनभित्र पर्दछन्।
8. प्राविधिक समन्वयः काठमाडौँ महानगरपालिकाद्वारा नियुक्त प्राविधिक कम्पनीले उपलब्ध गराउने उपकरण र जनशक्तिको प्रयोग गरी महानगरको न्यूनतम प्राविधिक कम्पनीसँग समन्वय गर्नुपर्नेछ।
9. संवाद कार्यक्रमः चलचित्र प्रदर्शनसँगै "टोल टोलमा फिल्म महोत्सव" अन्तर्गत चलचित्रसम्बन्धी ज्ञान अभिवृद्धि गर्ने तथा समुदायलाई चलचित्रको व्यापक संसारसँग जोड्ने

उद्देश्यले सार्वजनिक संवाद तथा विविध कार्यक्रमहरूको सानो शृङ्खला सञ्चालन गर्नुपर्नेछ। यस्ता कार्यक्रमहरूमा निम्न गतिविधिहरू समावेश हुन सक्नेछन्:

- चलचित्र प्रदर्शनपछिका निर्देशक, चलचित्र समीक्षक वा समुदायका सदस्यहरूसँग अन्तरक्रिया तथा संवाद।
- नेपाली चलचित्रको इतिहास, वर्तमान अवस्था तथा विश्व चलचित्र संस्कृतिमा यसको स्थानबारे केन्द्रित भइ क्युरेट गरिएको छलफल शृङ्खला।
- चलचित्र निर्माण वा चलचित्र कार्यक्रम व्यवस्थापनमा रुचि भएका युवाहरूका लागि कार्यशाला वा प्यानल छलफल।
- कार्यक्रमलाई विविधतापूर्ण तथा फराकिलो दर्शकमैत्री बनाउन स्ल्याम कविता, कठपुतली कला तथा सडक नाटकजस्ता फरक प्रस्तुति विधिहरू समावेश गर्नसकिनेछ।

10. कार्यक्रम पछिको प्रतिवेदन: कार्यक्रम सम्पन्न भएको एक हप्ताभित्र कार्यक्रमको प्रतिवेदन बुझाउनुपर्नेछ, जसमा सहभागी दर्शक संख्या, कार्यक्रमका कम्तीमा १० वटा तस्विरहरू र दर्शकहरूको प्रतिक्रियाको संक्षिप्त लिखित विवरण समावेश हुनुपर्नेछ।
11. अनिवार्य अभिमुखीकरण: चलचित्र प्रदर्शन हुने मिति भन्दा अगाडि आयोजक संस्थाको कम्तीमा एक जना प्रतिनिधि अभिमुखीकरण (orientation) कार्यक्रममा सहभागी हुनुपर्नेछ।
12. चलचित्र चयन: छनोट तथा मुल्यांकन समिति (curatorial team) द्वारा तोकिएका चलचित्रहरू जस्ताको त्यस्तै प्रदर्शन गर्नुपर्नेछ। यदि उक्त चलचित्र स्थानीय समुदायका लागि अनुपयुक्त हुने कुनै वास्तविक कारण भएमा आयोजकले प्रारम्भिक तयारीका क्रममा कुरा उठाउन सक्नेछन्; तर चलचित्र परिवर्तन गर्ने वा नगर्ने अन्तिम निर्णय काठमाडौँ महानगरपालिकाको तजबिजमा रहनेछ।

## ७ .कार्यक्रम व्यवस्थापन तथा मूल्याङ्कन

आवेदनहरूको मूल्याङ्कन निम्नानुसारका ६ वटा आधारमा गरिनेछ। योजनाको महत्वाकांक्षा भन्दा यसको स्पष्टता र विशिष्टतालाई जोड दिइनेछ । अस्पष्ट र ठूला दाबीहरू भन्दा ठोस र व्यावहारिक योजनाले बढी अङ्क पाउनेछन्।

- समुदायसँगको आबद्धता: विगतमा गरिएका सामुदायिक कार्यहरू, स्थानीय विश्वास र जनसहभागिता जुटाउन सक्ने क्षमताको प्रमाण। समुदायको संलग्नता छ भनी गरिएका अस्पष्ट दाबीहरूलाई कम अङ्क दिइनेछ। विगतका प्रमाणित कार्यक्रमहरूमा समुदाय सँगको सक्रिय सम्बन्ध तथा पहुँच क्षमता रहेका र साझेदारहरूको स्पष्ट नाम उल्लेख भएमा बढी अङ्क दिइनेछ। ।

- पूरक कार्यक्रमको गुणस्तर: सांस्कृतिक प्रस्तुति, सजावट, सामुदायिक सहभागिता आदि ( गुणस्तर तथा सिर्जनात्मकताकायम गर्न सक्ने फिल्म प्रदर्शनको वरिपरि तपाईंले गर्ने थप व्यवस्थाहरूजस्तै खाना :, सजावट, अन्य गतिविधि र थिम्याटिक पक्षहरू। हाम्रा खानाका " जस्ता सामान्य योजनालाई कम अङ्क दिइनेछ "स्टलहरू हुनेछन् भनेस्थानीय महिला " समूहसँगको साझेदारीमा तीनवटा थिम्याटिक खानाका स्टलहरू रहनेछन् र चलचित्र सुरु जस्ता स्पष्ट "हुनुअघि बालबालिकाहरूका लागि कथा वाचन कुना हुनेछयोजनाहरूलाई बढी अङ्क दिइनेछ।
- सांस्कृतिक तथा प्रस्तुति कार्यक्रम: स्थानीय सांगीतिक समूह, कलाकार वा प्रस्तुति समूहहरूको सहभागितामा गुणस्तरीय सांस्कृतिक वा प्रस्तुति प्रस्ताव गरीएको जसले चलचित्र प्रदर्शनलाई थप आकर्षण गर्न सक्ने। प्रत्यक्ष संगीत, कविता, नाटक, नृत्य वा अन्य प्रस्तुतिहरू। यसमा कलाकारहरूको नाम र कार्यक्रमको स्पष्ट समय तालिका )running order) महत्त्वपूर्ण हुनेछ। स्थापित र उदीयमान स्थानीय कलाकारहरूको मिश्रणलाई बढी अङ्क दिइनेछ।

- स्थानको उपयुक्तता: सुरक्षा, पहुँचयोग्यता, मानिसहरूको आवतजावत (footfall), टोलमा सजिलै देखिने स्थान र सर्वसाधारणका लागि सहज पहुँच।

- टोलीको क्षमता: सानो सञ्चालन अनुदानबाट टोलीको संरचना तथा व्यवस्थापन गर्ने क्षमता भएका तथा स्पष्ट भूमिका तोकिएका टोलीका सदस्यहरूको नाम। विगतमा कार्यक्रम आयोजना गरेको अनुभव भएमा आवेदन अझ बलियो हुनेछ।
- तयारीको अवस्था: काठमाडौँ महानगरपालिकाले तोकेको प्राविधिक कम्पनीसँगको समन्वय योजना, कार्यक्रम स्थलमा विद्युत्को व्यवस्था, मौसम आकस्मिक योजना र कार्यक्रमको दिनको वैकल्पिक सञ्चालन तयारी संगै काठमाडौँ महानगरपालिका द्वारा निर्धारण गरिएका अनिवार्य प्राविधिक मापदण्ड पूरा गर्ने प्रतिबद्धता तथा उपकरण बजेट सञ्चालन सहयोगभित्र कसरी व्यवस्थापन गरिनेछ भन्ने स्पष्ट योजना समावेश भएको।

८ .आवेदनका लागि आवश्यक कागजात तथा विवरणहरू

आवेदनहरू नेपाली भाषामा पेश गर्नुपर्नेछ र त्यसमा देहायका विवरणहरू समावेश हुनुपर्नेछ:

- पूर्ण रूपमा भरिएको आवेदन फारम।
- संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- प्यान (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- प्रस्तावित कार्यक्रम स्थलका लागि सम्बन्धित वडा कार्यालयको पत्र वा लिखित स्वीकृति पत्र।

- आवेदकले यसअघि आयोजना गरेका दुईवटा सामुदायिक वा सांस्कृतिक कार्यक्रमहरूको संक्षिप्त विवरण (उपलब्ध भएसम्म फोटो सहित)।
- भूमिका र सम्पर्क विवरण सहितको टोलीका सदस्यहरूको सूची।
- प्रस्तावित पूरक कार्यक्रम र सांस्कृतिक प्रस्तुतिहरूको सूची (सम्भव भएसम्म कलाकारहरूको नाम सहित)।
- आफैँले छनोट गरेको अनुदानको तह (क वा ख) र सो छनोट गर्नुको कारण (एक अनुच्छेदमा)।

संयुक्त आवेदनः एउटै चलचित्र प्रदर्शनका लागि दुईवटा संस्थाहरूले संयुक्त रूपमा आवेदन दिन पनि सक्नेछन्। यसका लागि एक मुख्य आवेदक (lead applicant) तोकिनुपर्नेछ। संयुक्त आवेदन स्वीकार गर्ने वा नगर्ने निर्णय काठमाडौँ महानगरपालिका र छनोट समितिको हुनेछ।

९ . छनोट प्रक्रिया

1. छनोट तथा मुल्यांकन समितिले माथि उल्लेखित योग्यता तथा शर्तहरुको आधारमा मूल्यांकनको अंक निर्धारण गर्नेछ ।
2. काठमाडौँ महानगरपालिकाले नियुक्त गरेको क्युरेटर(परामर्शदाता) ले आवेदनहरूको योग्यता (Eligibility) जाँच  तथा प्रारम्भिक मुल्यांकन गरि छनोट तथा मुल्यांकन समितिमा पेश गर्नेछ ।
3. योग्य ठहरिएका आवेदनहरूलाई छनोट तथा मुल्यांकन समितिले वैठकमा छलफल तथा मूल्याङ्कन गरी अन्तिम छनोट गर्नेछ ।
4. सहरभरि भौगोलिक सन्तुलन मिलाउन र कार्यक्रमहरू एकै ठाउँमा मात्र केन्द्रित नहोऊन् भन्नका लागि काठमाडौँ महानगरपालिका र क्युरेटरले वडा-स्तरीय वितरणको जाँच गर्नेछन्।
5. छनोट भएका र छनोट नभएका दुवै आवेदकहरूलाई जानकारी दिइनेछ।
6. छनोट भएका आयोजकहरूका लागि प्रारम्भिक तयारी (on boarding) सुरु हुनेछ।

यदि कुनै आवेदकमा राम्रो सम्भावना देखिएको छ तर केही आवश्यकताहरू पूरा हुन सकेका छैनन् भने, काठमाडौँ महानगरपालिकाले आवेदन सिधै अस्वीकार गर्नुको सट्टा अभिमुखीकरणका क्रममा उनीहरूलाई योजना परिमार्जन र सुदृढ गर्न मार्गदर्शन र सहयोग प्रदान गर्न सक्नेछ। यदि आवेदनहरूले न्यूनतम गुणस्तरको मापदण्ड पूरा नगरेमा तोकिएको संख्या भन्दा कम आयोजक छनोट गर्ने र कुनै वडाबाट उपयुक्त आवेदन नआएमा उक्त वडाका लागि पुनः आवेदन आह्वान गर्ने अधिकार काठमाडौँ महानगरपालिकामा सुरक्षित रहनेछ।

१० .कार्यक्रम सहयोग उपलव्ध गराउने सम्बन्धमा

काठमाडौँ महानगरपालिकाले छनोट भएका स्थानीय संघ संथाहरुलाई कार्यक्रम सञ्चालन सहयोग उपलब्ध गराउनेछ। कार्यक्रम सहयोग रकम एकमुष्ठ रुपमा उपलव्ध गराइने छ । प्रतिवेदन (post-event report) बुझाई सके पछी  मात्र उपलव्ध गराइनेछ। यदि छनोट भएको आयोजकले चलचित्र प्रदर्शन कार्यक्रम आयोजना गर्न नसकेमा कार्यक्रम सहयोग उपलब्ध गराइने छैन ।

११. आवेदन/प्रस्ताव बुझाउने प्रक्रिया र अन्तिम मिति

इच्छुक संघ-संस्थाहरूले काठमाडौँ महानगरपालिकाले तोकेको आधिकारिक ढाँचामा प्रस्ताव तयार गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अर्थात् मिति २०८३ जेष्ठ २५ गतेका दिनको कार्यालय समयभित्र यस विभागमा वा तोकिएको अनलाइन माध्यमबाट आवेदन दर्ता गराइसक्नुपर्नेछ। म्याद नाघी आएका वा रीत नपुगेका प्रस्तावहरूमाथि कुनै कारबाही गरिने छैन।

थप जानकारी र प्रस्ताव फारमका लागि:

- सम्पर्क स्थान: सम्पदा तथा पर्यटन विभाग, काठमाडौँ महानगरपालिका।
- वेबसाइट/लिङ्क: https://docs.google.com/forms/d/e/1FAIpQLScMFIv8rPydacu5BAOC0DsTaWzNgaQr_putruGY7H5Jvp0YPg/viewform?usp=publish-editor